# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

## नेपालगंज उप-महानगरपालिका

## बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**बबरमहल, काठमाडौं, नेपाल**

Babar Mahal, Kathmandu, Nepal


## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश )

पत्र संख्याः२०७८/७९
च.नं. ८४ मितिः२०७८/०५/०४

श्री नगर प्रमुखज्यू,
नेपालगंज उप-महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
नेपालगंज, बाँके ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ०४ गते

महालेखापरीक्षक

पत्र संख्या:२०७८/७९
च.नं. ८४ मितिः २०७८/०५/०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
नेपालगंज उप-महानगरपालिका,
बाँके।

**कैफियत सहितको राय**

हामीले नेपालगंज उप-महानगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ६ करोड ९३ लाख १५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड २१ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु ३ करोड ७९ लाख ९२ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८४ लाख ४८ हजार पेश्की बाँकी रु १ करोड ७ लाख ३ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहित विभिन्न १० दफाको रु.९ करोड ९२ लाख ६५ हजार असुल फछ्यौंट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनबाट हटाईएको छ । अन्य दफा बेरुजु फछ्यौंट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ४२ (बयालीस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत उप-महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## नेपालगंज उप-महानगरपालिका, बाँके

## लेखापरीक्षण प्रतिवेदन

## २०७६/०७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उप-महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उप-महानगरपालिकाको उद्देश्य रहेको छ । यस उप-महानगरपालिका अन्तर्गत २३ वडा, ११५ सभा सदस्य, ८५.९४ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ४६ हजार ८ सय ७१ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५०९८७१४८९.१८ | १ | **चालु खर्च** | ७४५९८७१३४.८० | ७४५९८७१३४.८० |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ५५७३५५३०१.४७ | ५५७३५५३०१.४७ |
| | ख) बैंक | ५०९८७१४८९.१८ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ३००००००० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ४१०१५७२८१.७८ | | क) ऋण भुक्तानी | १६३९१७४७ | |
| | क) आन्तरिक राजस्व | १२४५०९२९०.९२ | | | ख) ब्याज भुक्तानी | १३६०८२५३ | |
| | ख) राजस्व बाँडफाँड, संघ | १२४६६५६५१.५९ | | | ग) अन्य भुक्तानी | | |
| | ग) राजश्व बाँडफाँड, प्रदेश | ११७१५८४२०.९७ | | ४ | **एकल खाता कोषबाट खर्च** | ३०८९७००२२.६९ | ३०८९७००२२.६९ |
| | घ) अन्य आय | ४३८२३९१८.३० | | ५ | **अन्य खाताको खर्च** | १२८१६६५०.८० | १२८१६६५०.८० |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ९०११६७९२५ | ६ | **IUDP/RUDP** | ४२८४८८०६६.८८ | ४२८४८८०६६.८८ |
| | क) वित्तिय समानीकरण अनुदान | ३१४८००००० | | ७ | **धरौटी फिर्ता** | २८००५१२४.३९ | २८००५१२४.३९ |
| | ख) सशर्त अनुदान | ४६६३६७९२५ | | ८ | **कोष खर्च** | २८०७७००० | २८०७७००० |
| | ग) समपूरक अनुदान | १०००००००० | | ९ | **फिर्ता रकम** | | १०७६१५४७९.८१ |
| | घ) विशेष अनुदान | २००००००० | | | (क) संघीय संचित कोष | ९४५४८०११.९६ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ५५७४२००० | | (ख) प्रदेश संचित कोष | १३०६७४६७.८५ | |
| | क) वित्तिय समानीकरण अनुदान | ६६५२००० | | १० | **मौज्दात** | | ३७११६१२६२.८३ |
| | ख) सशर्त अनुदान | १६०००००० | | | क) बैंक मौज्दात | २२५०६६५८३.८७ | |
| | ग) समपुरक अनुदान | २३०९०००० | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | १००००००० | | | ग) बैंक मौज्दात (IUDP/RUDP९ | ३३२७४९३५.२३ | |
| ५ | **वित्तीय व्यवस्था प्राप्ती** | | २४२३०३१८ | | धरौटी मौज्दात | ९९५९३६९७.९४ | |
| | (क) ऋण प्राप्ती | ३५६००९४ | | | कोष खाताको मौज्दात | ५५३३९८६.४४ | |
| | (ख) सावाँ प्राप्ती | २०६७०२२४ | | | अन्य खाताको मौज्दात | ७६९२०५९.३५ | |
| ६ | **विभिन्न कोषतर्फको आय** | २४५५४४४२ | २४५५४४४२ | | | | |
| ७ | **GIZ** | १६५२२० | १६५२२० | | | | |
| ८ | **धरौटी आय** | २८७३३४३१.६७ | २८७३३४३१.६७ | | | | |
| ९ | **एकल खाता कोषबाट प्राप्त** | ३०८९७००२२.६९ | ३०८९७००२२.६९ | | | | |
| १० | **IUDP/RUDP** | ३३९३००२५७.२७ | ३३९३००२५७.२७ | | | | |
| ११ | **अन्य खाताबाट प्राप्त** | १५५८३६५६.०८ | १५५८३६५६.०८ | | | | |
| | **जम्मा** | २६१८४७६०४३.६७ | २६१८४७६०४३.६७ | | **जम्मा** | २६१८४७६०४३.६७ | २६१८४७६०४३.६७ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरिक्षणको क्रममा असुली :** लेखापरीक्षणमा औंल्याईए पछि कार्यालयले नपुग विलभरपाई, घटी आयकर दाखिला र विभिन्न शिर्षकमा बढी भुक्तानी भएको रु.१,२९,८०६/- लेखापरीक्षणको क्रममा असुल भएको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन् ।<br>• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन् ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। यस पालिकाले जिल्ला | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दररेटलाई आधार मान्ने बोर्डको निर्णय रहेको छ ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• लाभग्राही समुदायवाट लागत सहभागिता सुनिश्चित गरी उपभोक्ता समिति मार्फत कार्य गराउनु पर्नेमा यस पालिका वाट उपभोक्ता समितिवाट कुनै पनि लागत सहभागिता व्यहोर्नु नपर्ने निर्णय गरी काम गराएको ।<br>• नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २६३ जनाको दरबन्दी रहेकोमा ४५ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पास नगरी नगरसभाबाट पारीत गराई तलब खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७७ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • बजेट तथा कार्यक्रम | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री उमा थापा मगरले मिति २०७६।०३।१० गते रु.२ अर्ब २८ करोड ८५ लाख ५४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/०३/२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५० लाख अन्य भौतिक संरचना निर्माण शीर्षकमा एकमुष्ट रकम अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पुजीगत शीर्षकमा बजेट व्यवस्था गरी रु.४७ लाख ६२ हजार ३ सय ३७ खर्च गरेको छ । उदाहरणका लागि Laying of Interlock tile and Cemented Sitting bench (In front of high court) का लागि रु २,००,९९१।०० भुक्तानी भएको छ । कार्यक्रम स्वीकृत नगरी अन्य भौतिक संरचना शिर्षकवाट सौझै निर्माण कार्य गराएको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ४२,४३,६९१.३० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च गर्न हुदैंन ।

९. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(खर्च रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ७४५९८७ | १६५२९४ | २२५५७४ | ३५५११७ | ६०१६० |
| पूँजिगत खर्चतर्फ | ८८८५६३ | २५४१७६ | २१५१३२ | ४१९२५४ | २९१६०९ |
| जम्मा | १६३४५५० | ४१९४७० | ४४०७०६ | ७७४३७१ | ३५१७६९ |
| प्रतिशत | १०० | २५.६६ | २६.९६ | ४७.३८ | २१.५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १ अर्व ६३ करोड ४५ लाख ५० हजार निकासा भएकोमा तेश्रो चौमासिकमा रु.७७ करोड ४३ लाख ७१ हजार, अर्थात ४७.३८ प्रतिशत खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.३५ करोड १७ लाख ६९ हजार अर्थात २१.५२ प्रतिशत खर्च गरेको छ । तेश्रो चौमासिकमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ९९९६४१०७.१८ | ५२४३३३२६.२५ | ३.१८ |
| २ | पूर्वाधार विकास | ६८१८७५७४० | ४७८९४९६६०.७५ | २९.०१ |
| ३ | सामाजिक विकास | १७१३२७०७८७.८४ | ७७४४३५०१३.९१ | ४६.९१ |
| ४ | बातावरण तथा विपद् व्यवस्थापन | ९९०२२६५.९७ | २१५०¤०००.०० | ०.१३ |
| ५ | वित्तीय व्यवस्थापन र सुशासन | ३०८१०५४६.५० | ७१६७५४३.०० | ०.४३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ४०७३३९०२६.२९ | ३३५८०६६३८.६३ | २०.३४ |
| | **जम्मा** | **२९४३१६२४७३.७८** | **१६५०९४२१८२.५४** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.९१ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापनमा सबै भन्दा घटी ०.१३ प्रतिशत रहेको छ ।

११. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१२ करोड ४५ लाख ९ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.१ अर्व ७५ करोड २४ लाख २८ हजार समेत रु(१ अर्व ८७ करोड ६९

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लाख ३७ हजार आम्दानी भएकोमा चालु तर्फ रु.७४ करोड ५९ लाख ८७ हजार र पूँजिगत तर्फ रु.५५ करोड ७३ लाख ५५ हजार र वित्तीय व्यवस्था तर्फ रु.३ करोड समेत रु.२ अर्ब २४ करोड ७३ लाख १४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.५४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. २ करोड ९८ लाख ८५ हजार ५ सय खर्च भएको छ, जुन आन्तरिक आयको २४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३९.७४ प्रतिशत चालु र २९.६९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>३५</td><td>३</td><td>१</td><td>-</td><td>४</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>संगठन तथा कर्मचारी ब्यवस्थापन</td><td></td></tr>
<tr><td>१३.</td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न नगर प्रहरी १५, सवारी चालक ७, कार्यालय सहयोगी ३८, इलेक्टीरसियन ३, मालि २, कुचिकार २७ चौथो १७ , पाँचौ ६ र अधिकृत छैठौं पदमा ५ जना गरी जम्मा १२० जना कर्मचारीहरु करारमा राखि रु. ३,७९,६८,७९२.०७ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सहायक चौथो १७, पाँचौ ६ र अधिकृत छैठौं पदमा २ जना करार नियुक्ति गरी यस बर्ष रु. ९७,३३,९८४।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु</td><td>९७३३९८४</td></tr>
</table>

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कानून बमोजिम कल्याण कोषमा रकम जम्मा गरेको पाइएन । साथै उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| १६. | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता बापत रु.२७,०७,२०४/- खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको देखिएको रु. | २७०७२०४ |
| १७. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको  देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १८. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ६ वटा ऐन, ४ वटा नियमावली र १० बटा कार्यबिधि र निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४३३ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १००१ |
| मृत्युदर्ता | ५९९ |
| बसाईसराई दर्ता | - |
| विवाह दर्ता | - |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ४.९१९ कि.मि. |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | १५.१२ |
| ग्राभेल सडक मर्मत | - |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १९. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ४ वटा नियमावली, ५ वटा निर्देशिका र ५ वटा कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २०. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको ५ गरी कुल ९ विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २१. | **स्वकीय सचिव र सल्लाहकार** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा ना.सु स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री दिपक श्रेष्ठ लाई नियुक्त गरी रु.४,१२,६००/-, नगर उप-प्रमुखको स्वकीय सचिवका रुपमा विमल चन्द लाई नियुक्त गरी रु.३,९१,९३०/- र कानुनी सल्लाहाकारमा लोक बहादुर शाहलाई नियुक्त गरी रु.३,००,०००/- बार्षिक भुक्तानी भएको छ । | |
| २२. | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु ४,०२,०५,०००/- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष २३ जना | कार्यपालिका सदस्य ३३ जना | सभाका सदस्य ११५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | ० |
| २ | यातायात खर्च | ० | ० | ३०३६००० | ६१६००० | ३८७२००० | ७५२४००० |
| ३ | टेलिफोन,मोबाइल | ५५००० | ५५००० | १०१२००० | २६९५०० | २९०४००० | ४२९५५०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५५००० | ५५००० | १०१२००० | २६९५०० | १९३६००० | ११८१९५०० |
| ५ | समन्वय तथा सहजीकरण | १६५००० | १३२००० | १७७१००० | ३८५००० | ३८७२००० | ६३२५००० |
| ६ | अतिथि सत्कार | ९९००० | ८८००० | १७७१००० | ० | ० | १९५८००० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६६००० | ५५००० | ० | ० | ० | ८२८३०००० |
| ८ | चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ४४०००० | ३८५००० | ८६०२००० | १५४०००० | १२५८४००० | ४०२०५००० |

२३. **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले देहाय बमोजिम अनुत्पादक प्रयोजनमा रु.६,५२,०००/- खर्च गरेको देखिन्छ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | वडा नं.१ मा विभिन्न टोल २२ वटा टोल विकास संस्थालाई २३००० का दरले सहयोग | विविध | २६८००० |
| २ | वडा नं २२ धार्मिक पर्वहरुलाई अनुदान ३५००० का दरले विभिन्न १० वटा समिति रु. | विविध | ३५०००० |
| ३ | ब्रह्म चहेलुम कमिटी, वडा नं १६ | आर्थिक सहायता | २५००० |
| ४ | नवदूर्गा पूजा समिति वडा नं १६ | आर्थिक सहायता | ९००० |
| | **जम्मा** | | ६५२००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२४. नेपालगञ्ज उपमहानगरपालिकामा एशियाली बिकास वैंकबाट प्राप्त दीर्घकालिन ऋण गत बर्पसम्म रु. १४ करोड ५६ लाख १७ हजार ७ सय ५४ भएकोमा यस बर्ष रु. ३५ लाख ६० हजार ९४ थप भई कुल रु. १४ करोड ९१ लाख ७७ हजार ८ सय ४८ पुगेको छ । यस पालिकाले यस बर्ष नगर विकाष कोषबाट फोहोरमैला व्यवस्थापन तथा ढल निर्माण कार्यका लागि लिएको ऋणको ब्याज रु. ८४ लाख ३४ हजार ६ सय ३२ पैसा २१ खर्च लेखेको छ । तिर्नुपर्ने ऋण दायित्वको लेखाङ्कन, भुक्तानीको समय तालिका, साँवा ब्याज, ऋण रकमको अवस्था सम्वन्धि लेखानीतिमा खुलासा गरी सञ्चित कोषको आय-व्ययमा देखाउनुका साथै ऋण दायित्वको अभिलेख व्यवस्थित राखुपर्दछ ।

२५. **बसपार्क टर्मिनल भवन निर्माण कार्य :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले नगर बिकास कोषको ऋण सहयोगमा ऋण रु ४,०९,६६,७३४।०० का लागि बार्षिक ९.५% र सरल ऋण रु ८,५१,११,४४४।०० का लागि बार्षिक ६.५% ब्याजका दरले ऋण लिई नेपालगंज स्थित वसपार्क टर्मिनल भवन निर्माण कार्य गरेको छ । यस कार्यका लागि पालिका र निर्माण व्यवसायी वीच रु १४,९४,००,७५५।१० (मू.अ.कर समेत) कवोल अंक रहेको मिति २०७४।०३।१७ मा सम्पन्न गर्ने गरी मिति २०७२।१२।१८ मा सम्झौता भएको छ । यस आयोजनाको लागि कूल खर्च रु १५,८६,१८,८८०.२१ भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने समयमा कार्य सम्पन्न भएको देखिएन । यस पालिकाको मिति २०७५।११।३० को वोर्ड बैठकवाट उक्त निर्माण कार्यको मिति २०७५।१२।२० सम्म म्याद थप गर्ने निर्णय गरेको छ । म्याद थप गर्नुपर्नाको कारणमा शुरुमा सिमानामा समस्या र अस्वभाविक बर्षा, निर्माण सामग्री उपलब्धतामा समस्याका कारण निर्माण व्यवसायिले समयमा कार्य सम्पन्न गर्न नसकेको जनाएको छ । निर्माण व्यवसायी बाट कार्य सम्पन्न गर्न माग गरिएको अवधि २०७५।१२।२० सम्म कार्य सम्पन्न गरेमा कुनै पनि हर्जना नलिने र गर्न नसकेका खण्डमा २०७५।११।१७ गते देखि नै लागु हुने गरी हर्जना लिने निर्णय पालिका वोर्डवाट भएको छ । पुनः पालिका वोर्डको मिति २०७६।२।२ को निर्णयवाट निर्माण व्यवसायिलाई फाइदा पुग्ने गरी मिति २०७६।२।२० गतेसम्म क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको छ । यस म्याद थपको निर्णयले निर्माण

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवसायिलाई पूर्वनिर्धारित क्षतिपूर्ति वापत कवोल अंक रु १३,२२,१३,०५७।६१ (मू.अ.कर वाहेक) को ०.०५% प्रति दिनका दरले ६१ दिनको रु ४०,३२,४९८।०० फाईदा पुगेको देखिन्छ । पालिका वोर्डले पहिलो पटक म्याद थप गर्दाको शर्त अनुसार निर्माण व्यवसायीवाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ रु................<br><br>**क.** खरिद सम्झौताको SCC को GCC 26.3 मा The period between program updates is 15 days. The amount to be withheld for late submission of an updated program by more than 15 days is NRs 1,00,000.00 व्यवस्था छ । यस पालिकावाट खरिद सम्झौतामा भएको व्यवस्था वमोजिम निर्माण व्यवसायीवाट कार्य प्रगतिको अधावधिक विवरण माग गरेको देखिएन । निर्माण कार्यको दैनिक डायरी नराखे, समयको तुलनामा कार्य प्रगतिको विश्लेषण नगर्ने, अधावधिक कार्यक्रम पेश नगर्ने र सामान्य कारण जनाई पटक पटक म्याद थप गरी भुक्तानी दिनु उचित देखिएन ।खरिद सम्झौताको प्रभवकारी कार्यान्वयन गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।<br><br>**ख.** यस निर्माण कार्य अन्तर्गत टर्मिनल भवनको ड्रईङ्ग अनुसार वि.ओ.क्यू. मा फेव्रिकेशन (स्टील) का केही मुख्य कार्यहरु छुट हुन गएको, Layout Plan परिवर्तन गर्दा केही कार्यहरु परिवर्तन भएकोले भेरिएशन अर्डर जारी गर्ने निर्णय पालिका वोर्डले मिति २०७५।५।२७ मा गरेको छ । यसको गुरु योजना (Master Plan) परिवर्तन भई उत्तर पट्टि (पूर्व पश्चिम) लगाईएको Brick Masonry wall BOQ मा नरहेको , पुरानो टर्मिनल भवन, शौचालय, पश्चिम तर्फका सटरहरु भत्काउने र Ticket Counter, Toilet हरु वनाउने कार्यहरु थप गर्नु परेको र शुरु वी.ओ.क्यू.का आइटमहरुको काममा वृद्धि हुन गएकाले भेरिएशन अर्डर जारी गर्नुपरेको जनाई शुरु सम्झौताको ७.४७% मा वृद्धि भई कुल लागत रु १६,७८,३६,८८९।०२ कायम भएको छ । भेरिएशन आदेश जारी गर्दा म.ले.प.फा.नं. ५०८ को ढाँचामा तयार गरी स्वीकृत गरेको छैन् । यस सम्वन्धमा सम्वन्धित परामर्शदातालाई जिम्मेवार वनाउनु पर्दछ ।<br><br>सम्झौता वमोजिम अधावधिक कार्यक्रम माग नगरी विभिन्न कारण देखाइ निर्माण कार्यको म्याद थप र भेरिएशन आदेश जारी गर्नु उचित देखिदैन् । खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिएको देखिएन । खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गरी उच्चतम प्रतिफल प्राप्त गर्ने तर्फ पालिका संवेदनशिल हुनुपर्दछ । | ४०३२४९८ |
| | **ग. उपभोक्ता समितिवाट कार्य** : वसपार्क निर्माण कार्यको ड्रइङ्ग र डिजाइन गर्दा केहि आइटमहरु छुट भएको भनी उपभोक्ता समिति मार्फत काम गराइ भुक्तानी भएको देखियो । बसपार्क निर्माण एवं सुधार समिति नेपालगंज बाँके लाई Boundary wall, Cattle gaurd, Barrier, Boring, Generator Supply, Sitting bench, Grill works and others कार्य वापत रु ३५,४४,४२४।- भुक्तानी भएको छ । जेनेरेटर खरिद, पंखा खरिद र जडान, बोरिङ्ग जस्ता जटिल प्रकृतिका काम समेत उपभोक्ता समितिवाट काम गराएको छ । | |
| | **घ. वसपार्क निर्माण कार्यको लगानी र प्रतिफलको अवस्था** : यस आयोजनाका लागि कूल लगानी मध्ये नगर विकास कोषवाट ऋण रु ४,०९,६६,७३४।०० का लागि बार्षिक ९.५% र सरल ऋण रु ८,५१,११,४४४।०० का लागि बार्षिक ६.५% व्याजका दरले ऋण लिएको छ । यस वर्ष उक्त ऋण वापत सावाँ र व्याज गरी रु १,७९,८६,७३७।२६ भुक्तानी भएको छ ।बसपार्क पार्किङ्ग तथा ७ वटा नगरबसको ठेक्का वाट वार्षिक रु १,३७,५०,५५१।०० आम्दानी हुने देखिन्छ । वसपार्क टर्मिनल भित्रका कतिपय सटरहरु संचालनमा आउन सकेका छैनन् । पसपार्क टर्मिनल निर्माण गर्दा पर्याप्त मात्रामा व्यवसायिक दृष्टिकोण राख्न सकेको देखिएन । पालिकाले ऋण लगानी गर्दा प्रतिफललाई पर्याप्त ध्यान दिनु पर्ने देखिन्छ अन्यथा दिर्घकालिन दायित्व वढन गई विकास निर्माणको कार्य समेत प्रभावित हुन सक्दछ । | |
| २६. | **पी. एस. आइटममा भेरिएशन आदेश** : ठे.नं. ०१-२०७६।७७ - सार्वजनिक खरिद ऐन, २०६३ को दफा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ११.४ को प्रतिवन्धात्मक वाक्यांशमा दररेट निर्धारण समितिको दररेट उपलब्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा तोकिएको निकायले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२७.१ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा पालिकाले भेरिएशन जारी गर्न सक्ने व्यवस्था छ ।<br><br>यस पालिका र निर्माण व्यवसायी कालिका कन्स्टक्सन वीच विभिन्न वडाहरुमा सडक निर्माण कार्य वापत रु २०,७७,३६,८१७।२८ को कवोलमा मिति २०७७।७।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।७।१७ मा सम्झौता भएको छ । यस निर्माण कार्यका लागि भेरिएशन अर्डर जारी भई १.२२% वृद्धि भई कवोल अंक रु २१,०२,७०,८३२।८३ कायम भएको छ । भेरिएशन अर्डर जारी गर्दा प्रोभिजनल सम (PS) वापत राखिएको आइटम Shifting of Electric Poles, Dewatering and other Miscellaneous मा समेत भेरिएशन आदेश जारी भएको छ । उक्त आइटममा शुरुमा प्रोभिजनल सम वापत रु १५,००,०००।० राखिएकोमा भेरिएशन आदेश मार्फत रु ३०,८९,९४५।७२ थप गरी रु ४५,८९,९४५।७२ कायम भई भुक्तानी भएको छ । वी. ओ. क्यू. आईटममा PS मा राखीएको आइटममा तोकिएको सीमा भन्दा वढी नहुने गरी पेश भएको विल अनुसारको रकम मात्र भुक्तानी दिन मिल्ने हुदाँ प्रोभिजनल सम वापतको आइटममा भेरिएशन आदेश जारी गरी सीमा वढाउनु नियम सम्मत देखिएन । नियम वमोजिम लागत अनुमान तयार गर्दा वास्तविक दरलाई आधार मानी तयार गरेको पाईएन । वास्तविक लागत दरलाई आधार नलिई लागत अनुमान तयार गर्ने सम्वन्धित अधिकारीलाई जिम्मेवार वनाउनु पर्ने देखिएको रु | ३०,८९,९४५ |
| २७. | **पेश्की भुक्तानी** : नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७.५ मा सामान्यतया उपभोक्ता समितिबाट कार्य गराउँदा पेश्की उपलब्ध गराइने छैन तर आयोजनाको प्रकृति अनुसार पेश्की रकम नदिएसम्म काम प्रारम्भ नहुने अवस्था भएमा सम्झौता रकमको बढीमा बीस प्रतिशत रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्ने व्यवस्था छ। यस पालिकावाट निम्नानुसार उपभोक्ता समितिलाई २० प्रतिशत भन्दा वढि र पटक पटक किस्तामा पेश्की दिने गरेको पाइयो । नियम भन्दा वढी पेश्की भुक्तानी दिएको नियम सम्मत देखिएन रु...... | ४३९९६५३ |

| उपभोक्ता समिति | सम्झौता रकम रु | २०% ले हुने पेश्की | वास्तविक पेश्की भुक्तानी रु | वढी पेश्की भुक्तानी रु | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| महेन्द्र पार्क निर्माण | ३९६०४२२ | ७९२०८४ | २०२५००० | १२३२९१६ | दुई किस्ता पेश्की दिएको । |
| बागेश्वरी मन्दिर निर्माण सुधार (पर्यटन पूर्वाधार तर्फ) | २४९८५२० | ४९९७०४ | १३३६००० | ८३६२९५ | |
| पशुपतिनाथ मन्दिर निर्माण(स्थानीय पूर्वाधारतर्फ) | ९६९३१२ | १९३८६२ | ४६७००० | २७३१३७ | |
| सटर शौचालय तथा सभाहल निर्माण (संघीय सरकारवाट हस्तान्तरित) | ६४८८४७४ | १२९७६९४ | ३३५५००० | २०५७३०५ | |
| | | | **जम्मा** | **४३९९६५३** | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| २८. | **उपभोक्तालाई ढुवानीमा कर :** १६३-०७७।३।२५ः महेन्द्र पार्क निर्माण कार्य गर्दा उपभोक्ता समितिवाट माटो, वालुवा, गिट्टी ढुवानी वापत रु ३,९७,०००।०० को विल रहेकोमा आयकर ऐन, २०५८ वमोजिम लाग्ने १०% ढुवानी कर कट्टी नगरेकोले नियम अनुसार लाग्ने कर रु ३९,७००।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु................ | ३९७०० |
| २९. | **अन्तरनिकाय समन्वय : १७७-२०७७।३।३० :** सरकारी निकायले खर्च गर्दा अन्य निकायसँग समन्वय गरी मितव्ययी हुनेगरी खर्च गर्नु पर्दछ । यस पालिकाले नेपालगञ्ज स्थित वाटरपार्क निर्माण तथा सौन्दर्यकरण कार्यका लागि उपभोक्ता समितीसँग रु ६४,५४,९८४।१५ को लागतमा मिति २०७७।३।१५ मा सम्पन्न गर्ने गरी २०७७।२।४ मा सम्झौता भएको छ । यस बर्ष उपभोक्ता समिति मार्फत काम गराई रु ६२,२०,९९३।- भुक्तानी दिएको छ ।<br><br>शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, बाँकेले RCC Wall, Stone Pitching work, Stone Masnory Work, Railing Interlock Tile, Plantation को निर्माणमा रु ५,४४,४७,३२६।८७ खर्च गरी मिति २०७७।३।२४ मा पालिकालाई हस्तान्तरण गरेको छ ।<br><br>एउटै कार्यका लागि दुई निकाय वाट खर्च भएको देखिन्छ । कुन कार्यका लागि कुन निकायको कति लगानी भएको हो स्पष्ट देखिने गरी विवरण तयार गरेको छैन् । अन्तर निकाय समन्वय गरी दोहोरो नहुने सुनिश्चित गरी कार्य सम्पादन गर्ने तर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्दछ । | |
| ३०. | **निष्कृय मौज्दात :** १८९।२०७७।३।३१ : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले डिप बोरिङ्ग ८ थान खरिद गरी आपूर्तिकर्तालाई रु ४८,२९,७७८।- भुक्तानी दिएको छ । उक्त खरिद गरेका सामानहरु हालसम्म जडान नभई कार्यालय मै मौज्दात रहेको पाइयो । यसरी सामाग्री खरिद गरी कार्यालयमा मौज्दात रहने तर जडान भई संञ्चालन नहुनाले सरकारी रकम खर्च हुने तर सेवाग्राहीले सेवा नपाउने अवस्था रहन्छ । कार्यक्रम सञ्चालनको लागि आवश्यक पूर्वाधारको सुनिश्चितता भएपछि मात्र सामाग्री खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । सामग्री खरिद गरी कार्यालयमै मौज्दात राख्ने कार्य नियम सम्मत भएन रु........................... | ४८,२९,७७८।- |
| | **गत वर्षको भुक्तानी दिन वाँकी योजना :** | |
| ३१. | **उपभोक्ताको विल :** २२- २०७६।६।१३ : नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३२(१.ख) मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने र नियम १०७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकवाट अनुमोदन गराई नगरपालिकामा पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले भृकुटीनगर शिव शंकर घर देखि पूर्व जिल्ला वन कार्यालयको सिमानासम्मको ग्राभेलको कार्य वापत उपभोक्ता समितिलाई भुक्तानी गर्दा नापी किताव अनुसार ग्राभल गर्ने कार्य २५२.९१ घ.मी. रहेकोमा उपभोक्ता समितिवाट पेश भएको खर्च प्रमाणित गर्ने विल भर्पाइमा प्रति ट्र्याक्टर २ घ.मी. का दरले १४३ ट्रलिको कुल २८४ घ.मी. हुने देखिन्छ । इन्जिनियरिङ्ग नम्स अनुसार नापी किताबमा भएको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाईमा भएको परिमाण वीच सामञ्जस्यता हुनु पर्दछ । | |
| ३२. | ३०-२०७६।८।५ः वडा नं. २ मा कालिका टोलमा नाला निर्माण वापत सोझै खरिद मार्फत मिति २०७६।३।३० मा सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा आर्थिक बर्ष २०७६।७७ मा निर्माण | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवसायी नमस्ते निर्माण सेवा एण्ड सप्लायर्स बाके लाई रु ४,४३,००२।३८ भुक्तानी भएको छ । सालवसाली सम्पन्न गर्नेगरी आकश्मिक कामका लागि कोटेशनबाट भएको काममा समेत गत बर्षको भुक्तानी बाँकी रकम यस बर्ष भुक्तानी दिनु उचित भएन । | |
| ३३. | **लागत अनुमान, स्पशिफिकेशन र गुणस्तर** : गो.भौ. २०-०७६।५।३०: ठे.नं. १।०७३।७४- नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३२ मा नगरपालिकाले रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा पेश भएको रनिङ्ग विल सम्वन्धित अधिकारीले ३० दिनभित्र स्वीकृत गरी खरिद सम्झौता अनुसार सार्वजनिक निकायले त्यस्तो बिल सोही अवधिभित्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । उदयपुर सडक कालोपत्रे एवं नाली निर्माणका लागि पालिका र निर्माण व्यवसायी बीच कबोल अंक रु ६४,४५,१९८.०८ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७३।१२।११ मा सम्झौता भएको छ । यस निर्माण कार्यको लागि २०७५ असार मसान्त सम्म हर्जना नलिने गरी म्याद थप गर्ने निर्णय भएको देखियो । नेपालगञ्ज उप महानगरपालिका नगरकार्यपालिकाको बोर्ड बैठकको मिति २०७५।०९।२६ को निर्णयमा नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले गरेको सिफारिस अनुसार निर्माण कार्यको 40mm Primix Carpeting Work को विभिन्न ठाउमा विभिन्न नापजाच (२ देखि ३ से.मि. रहेको) हुदाँ उक्त कार्यको मूल्याङ्कनमा ५० प्रतिशत कटाई मात्र मूल्याङ्कन गर्ने, आर.सी.सी. स्ल्याब Drain Cover को C/S Ratio स्वीकृत लागत अनुसार नभएको देखिएकोले उक्त आईटमको मूल्यङ्कनमा २५% कटाई मात्र भुक्तानीका लागि सिफारिश गर्ने, आर.सी.सी. स्ल्याब को लागि गरिएको फर्माको काम Uniform Size/Shape मा नरहेको हुदाँ उक्त आइटममा १२ प्रतिशत कटाई भुक्तानीको लागि मूल्याङ्कन गर्ने गरी अनुमोदन गर्ने निर्णय गरेको देखियो । यस निर्माण कार्यको ठेक्का विलमा कार्य सम्पन्न भएको मिति २०७५।३।३१ उल्लेख भएको छ । आर्थिक वर्ष २०७४।७५ मा सम्पन्न भएको कामको भुक्तानी दुई आर्थिक बर्ष पछि आ.व. २०७६।७७ मा हुनु उचित देखिएन। कार्यालयले दोश्रो तथा अन्तिम विल वापत रु १८,७४,०७८।०० भुक्तानी दिएको छ ।<br><br>नियमावलीको नियम १२४ वमोजिम पुरानो निर्माण कार्यको लागि आपूर्ति भएको सामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको परीक्षण गरेको देखिएन । नियममा भएको व्यवस्थाको परिपालना गरेर समयमा नै निर्माण कार्यको भुक्तानी गर्ने तथा कामको गुणस्तर आश्वस्त भएपछिमात्र भुक्तानी दिनुपर्नेमा सार्वजनिक खरिद नियमावलीको व्यवस्था विपरीत नरगपालिका वोर्डले निर्णय गरी भुक्तानी दिएको नियम सम्मत देखिएन । विधिको परिपालना गरी निर्णय गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिएको रु.................. | १८७४०७८ |
| ३४. | **गो.भौ. २२।०७६।६।१३** : भृकुटिनगर शिव शंकरको घर देखि पूर्व जिल्ला वन कार्यालयको सिमासम्मको ग्राभेल निर्माण कार्य गर्दा उपभोक्ता समितिवाट माटो, वालुवा, गिट्टी ढुवानी वापत रु ८,५८,०००।०० को विल रहेकोमा आयकर ऐन, २०५८ वमोजिम लाग्ने १०% ढुवानी कर कट्टी नगरेकोले नियम अनुसार लाग्ने कर रु ८५,८००।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु....... | ८५८०० |
| | **क्रमागत योजनाहरु** | |
| ३५. | **प्रोभिजनल सम(PS) को भुक्तानी** : गो.भौ. ४४।०७६।१२।१० : ठे.नं. २७।०७५।७६- नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३२(१.ख) मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । काञ्जि हाउस निर्माण कार्यको अन्तिम विल वापत निर्माण व्यवसायीलाई रु १७,०३,५९०।७१ | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भुक्तानी दिएको देखियो । वी.ओ.क्यू.को आइटम बीमामा रु ८०,०००।०० र सामग्रीको ल्याव परीक्षणमा रु ५०००।०० प्रोभिजनल सममा रहेको छ । प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा पेश भएको वास्तविक विल अनुसार भुक्तानी हुनु पर्दछ । निर्माण व्यवसायीले वीमा वापतको रु ७८,७८०।३१(मू.अ.कर समेत) को विल पेश गरेकोमा पालिकावाट रु ९०,४००।००(मू.अ.कर समेत) भुक्तानी भएको पाइयो । साथै गुणस्तर परिक्षणको विल पेश नगरी रु ५,०००।०० भुक्तानी भएको देखियो । अतः प्रोभिजनल सम वापत विल भन्दा वढी रकम भुक्तानी दिएको रु १६,६२०।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु.. | १६६२० |
| ३६. | **कान्ति ताल निर्माण :** नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं. २१ र २२ स्थित रानी ताल निर्माण कार्यका लागि यस पालिका र निर्माण व्यवसायी बीच कवोल अंक रु ९,४८,८३,४७९।७७ को मिति २०७७।८।२८ मा सम्पन्न गर्ने गरी मिति २०७६।३।६ मा सम्झौता भएको छ । खरिद सम्झौताको SCC को GCC 34.3 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is NRs 1,00,000.00 व्यवस्था छ । शुरु सम्झौताको सम्पन्न गर्नुपर्ने अवधिभित्र कार्य सम्पन्न हुन नसकी मिति २०७७।११।मसान्तसम्म म्याद थप भएको छ । आर्थिक वर्ष २०७६।७७ को अन्त्य सम्म अर्थात शुरु सम्झौताको करिव ७०% अवधि समाप्त हुदा सम्म रु ४,२१,७४,४७४।०४ अर्थात ४४.४४% वित्तीय प्रगति भएको देखिन्छ ।<br><br>यस पालिकावाट खरिद सम्झौतामा भएको व्यवस्था वमोजिम निर्माण व्यवसायीवाट कार्य प्रगतिको अधावधिक विवरण माग गरेको तथा निर्माण व्यवसायीले पेश गरेको देखिएन । निर्माण व्यवसायीवाट अधावधिक कार्यक्रम पेश नगर्दा सम्झौता अनुसार कट्टी गर्नु पर्ने रकम समेत कट्टी गरेको देखिएन । खरिद सम्झौतामा भएको व्यवस्थाको परिपालना गरेको देखिएन । खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गरी समयमा कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।<br><br>**क.** नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ मा पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की रकम खाम्ने गरी वैंक वाट जारी भएको वैंक जमानत लिई त्यस्तो पेश्की दिनुपर्ने र त्यस्तो बैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौंट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिनाभन्दा वढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस पालिका र निर्माण व्यवसायी वीच भएको खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न गर्नुपर्ने समय अवधिको ८०% समयभित्र पेश्की फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यका लागि निर्माण व्यवसायीलाई पेश्की वापत रु १,६८,००,०००।०० भुक्तानी दिएको छ । उक्त पेश्कीका लागि निर्माण व्यवसायीवाट मिति २०७६।९।३ सम्मको म्याद भएको नेपाल वंगलादेश बैंकको पेश्की वैंक जमानत पेश भएको छ । यस कार्यालयले ठेक्कामा पेश्की भुक्तानी गर्दा पेश भएको पेश्की जमानत वापतको वैक जमानतको अवधि कम भएको अवस्थामा समेत पेश्की भुक्तानी भएको पाइयो । नियममा भएको व्यवस्था विपरीत कम अवधिको वैंक जमानतका आधारमा पेश्की भुक्तानी भएको नियम सम्मत भएन । खरिद सम्झौतामा भएको व्यवस्था अनुसारको अवधि भएको पेश्की वैंक जमानत लिई पेश्की भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३७. | **न्यून प्रगति** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । महिला कलेज निर्माण कार्यका लागि पालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु ५,४६,४३,६५०।९७ को मिति २०७७।२।२६ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।२।२६ मा सम्झौता भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति भित्र | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्य सम्पन्न नभई मिति २०७७।८।२६ सम्म म्याद थप भएकोमा लेखापरीक्षणको अवधि सम्म उक्त कार्य सम्पन्न भएको छैन ।<br><br>आर्थिक वर्ष २०७६।७७ को अन्त्यसम्म निर्माण कार्य वापत रु १,४८,६४,९७९।७१ खर्च भएको छ अर्थात शुरु सम्झौता अनुसार कार्य सम्पन्न गरिसक्नु पर्ने अवधिसम्ममा २७.२०% मात्र कार्य भएको छ । खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गरी समयमा उचित प्रतिफल प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३८. | **उपभोक्ता समितिको काम व्यवसायीवाट गरेकोः** नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७.११ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । पालिकाले हाईमास्ट सडक वत्ति जडान कार्यका लागि उपभोक्ता समितिलाई रु ९,८८,६६०।७३ भुक्तानी दिएको छ । ठेक्का विल रु १३,८६,८५९।२७ रहेकोमा नेपाल इन्टरप्रिनियुर, नेपालगञ्जको रु १३,०१,७६०।०० को विल पेश गरी उपभोक्ता समितिवाट रकम माग भएको छ । लागत अनुमान वढी भएको र लागत अनुमान अनुसार नै प्राविधिक विल तयार भई भुक्तानी माग भएकोमा रकम घटाई रु ९,८८,६६०।७३ भुक्तानी भएको छ । यस्तो जटिल संरचनाको काम उपभोक्ता समितिसँग सम्झौता गरी व्यवसायीवाट काम भई भुक्तानी दिने अभ्यास नियम सम्मत भएन रु........... | ९८८६६० |
| | **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ :** | |
| ३९. | गो.भौ. ३७।०७७।३।३१ः ठे.नं. W06/076/77 – सार्वजनिक निकायले सम्झौता वमोजिमको कार्य सम्पन्न भएपछि मात्र नियम वमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी भुक्तानी दिनु पर्दछ । धम्वोजी उच्च मा.वि. को भौतिक पूर्वाधार निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु ३८,१६,७६१।९९ को मिति २०७७।३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७७।२।२१ मा सम्झौता भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने म्याद भित्र कार्य सम्पन्न नभई आर्थिक बर्ष २०७६।७७ को अन्त्यमा जति काम भएको हो सोही आधारमा कार्य सम्पन्न तयार गरी रु २८,२४,८०९।९५ भुक्तानी भई बाँकी काम अधुरो रहेको छ । उक्त कार्यका लागि आर्थिक बर्ष २०७७।७८ मा वजेट विनियोजन तथा कार्यक्रम रहेको छैन् । निर्माण कार्य खरिद सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४०. | **सम्झौताको पालना** : गो.भौ. ५५।०७७।३।३१ः कर्वला मदरसा मनिकापुर निर्माण कार्यको खरिद सम्झौताको शर्त नं. १७ मा अन्तिम विल भुक्तानी दिँदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय समावेश गर्नुपर्ने उल्लेख छ । यस योजनाको अन्तिम विल वापत रु ९,२५,४५४।०० भुक्तानी भएकोमा योजनाको फोटो संलग्न नगरी भुक्तानी दिएको छ । खरिद सम्झौतामा भएको व्यवस्थाको परिपालना गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४१. | गो.भौ. ५५।०७७।३।३१ः छोटी मस्जिद निर्माण कार्यको खरिद सम्झौताको शर्त नं. १७ मा अन्तिम विल भुक्तानी दिँदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय समावेश गर्नुपर्ने उल्लेख छ । यस निर्माण कार्यका लागि पालिका र उपभोक्ता समिति वीच रु ९,९६,२५६।०४ को लागतमा मिति २०७७।३।३० मा सम्पन्न गर्ने गरी मिति २०७७।२।१५ मा सम्झौता भएको छ । यस योजनाको अन्तिम विल वापत रु ६,६३,७०५।०० भुक्तानी भएको छ । काम अधुरो रहेको र आ.व. २०७७।७८ मा कार्यक्रम रहेको छैन् । सम्झौता बमोजिम योजनाको फोटो संलग्न नगरी भुक्तानी दिएको छ । खरिद सम्झौतामा भएको व्यवस्थाको परिपालना गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | गो.भौ. ५९।०७७।३।३१ः कादरी मस्जिद निर्माण कार्यको लागि पालिका र उपभोक्ता समिति वीच रु ९,९७,८५८।६० को लागतमा मिति २०७७।०३।३० मा सम्पन्न गर्ने गरी मिति २०७६।१०।१५ मा सम्झौता भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने म्याद भित्र कार्य सम्पन्न नभई आर्थिक बर्ष २०७६।७७ को अन्त्यमा जति काम भएको हो सोही आधारमा कार्य सम्पन्न तयार गरी रु ६,३४,१८८।०० भुक्तानी भई बाँकी काम अधुरो रहेको छ । उक्त कार्यका लागि आर्थिक बर्ष २०७७।७८ मा वजेट विनियोजन तथा कार्यक्रम रहेको छैन् । निर्माण कार्य खरिद सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४३. | **खानेपानीको गुणस्तर** : गो.भौ. ६२।०७७।३।३१ः सार्वजनिक निकायले कामको गुणस्तर आश्वस्तता गरेर मात्र भुक्तानी गर्नु पर्दछ । हाते पम्प धारा जडान कार्यका लागि पालिका र उपभोक्ता समिति विच रु २०,८६,९०५।१९ को लागतमा मिति २०७७।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७६।१०।१५ मा सम्झौता भएको छ । प्रति हाते पम्प वापत रु २८,१४०।५८ का दरले ७२ हाते पम्पको कुल रु २०,२६,१२१।५४ लागत अनुमान रहेकोमा ७२ वटा हाते पम्प जडान गरी प्रति पम्प रु १९,६१२।६७ का दरले कुल रु १४,१२,११२।२४ भुक्तानी भएको छ । लागत अनुमान अनुसार Pipe Drilling र HDPE पाइप Supply र Fittings को कार्य ३२ र.मी. कार्य गर्ने उल्लेख भएकोमा १९ र.मी. काम गरी कार्य सम्पन्न तयार गरी रु १४,१२,११२।०० भुक्तानी भएको छ । खानेपानीको गुणस्तर परीक्षण नगरी लागत अनुमान भन्दा कम गहिराइमा हाते पम्प जडान गरी कार्य सम्पन्न गर्नाले खानेपानीको गुणस्तर प्रभावित हुने देखिन्छ । खर्च गर्ने तर्फ ध्यान दिएको तर गुणस्तरमा ध्यान नदिएको देखियो । कामको प्रतिफल र गुणस्तरका वारेमा पालिका संवेदनशिल हुनुपर्दछ । | |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ** | |
| ४४. | गो.भौ. १९।२०७७।३।३१ः ठे.नं. डब्लु ०९।२०७६।७७- महिला छात्रावास निर्माण तथा संभार कार्यका लागि पालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु ४८,५१,०७०।३७ को मिति २०७७।३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७७।२।२२ मा सम्झौता भएको छ । आर्थिक बर्ष २०७६।७७ को अन्त्य सम्म निर्माण कार्य वापत रु २७,७९,५१६।०० अर्थात शुरु सम्झौता अनुसार कार्य सम्पन्न गरिसक्ने अवधिसम्म जम्मा ५७.३०% मात्र कार्य प्रगति भएको देखिन्छ । निर्माण कार्य खरिद सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| | क. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । महिला छात्रावास निर्माण तथा संभार कार्यका लागि प्रथम रनिङ्ग विल वापत जय दुर्गे महाकाली निर्माण सेवा (३००००१२५३) लाई विजक नं. ११।०७७।३।३० वाट रु २४,५९,७४९।०४ (मू.अ.कर वाहेक) र मू.अ. कर थप रु ३,१९,७६७।३७ भुक्तानी भएको छ । उक्त विजक नं. ११ केरमेट गरेकोले मू.अ.कर वापत भुक्तानी भएको रकमको मू.अ.कर समायोजन पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु....... | ३१९७६७ |
| ४५. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । ठे.नं. डब्लु ०५।२०७६।७७- वडा नं. २० को कालोपत्रे सडक निर्माण कार्यका लागि पालिका र निर्माण व्यवसायी रासी गणेश कन्स्ट्रक्सन वीच कवोल अंक रु १८,७९,०१०।०० को मिति २०७७।२।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।११।२९ मा सम्झौता भएको छ । नियम वमोजिम प्रथम किस्तामा १०% र कार्य शुरु भएपछि दोश्रो किस्तामा १०% गरी जम्मा २०% सम्म पेश्की दिन सक्ने व्यवस्था भएकोमा खरिद सम्झौता पछि एकमुष्ट २०% पेश्कि | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दिएको छ । शुरु सम्झौता अनुसार कार्य सम्पन्न गरी सक्नुपर्ने अवधि सम्म पनि निर्माण कार्य शुरु भएको देखिएन । काम शुरु नगर्नुको कारण समेत पेश भएन । सरकारी वजेट खर्च गर्ने उद्देश्यले मात्र खरिद सम्झौता गरी पेश्की भुक्तानी दिनु उचित भएन । निर्माण कार्य खरिद सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| | **संघीय सरकारवाट हस्तान्तरित थप कार्यक्रम तर्फ** | |
| ४६. | **उपभोक्ता समितिको काम व्यवसायीवाट गरेको :** नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७.११ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । गो.भौ. ११।०७६।३।३१: नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७.११ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । सोलार वत्ति जडान कार्यका लागि पालिका र उपभोक्ता समिति वीच रु ४९,९८,२८५।६० को लागतमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । यस कार्यका लागी रु ४४,८३,७८२।०० भुक्तानी भएको छ । उक्त कार्यका लागि काठमाण्डु इनर्जी प्रा.लि. (३०५२१७३२९) को विजक नं. ९।२०७७।३।१४ बाट रु ४९,००,२६१।३९ पेश भई उपभोक्ता समितिले भुक्तानी लिएको छ । यस्तो जटिल प्राविधिक काम उपभोक्ता समितिसँग सम्झौता गरी व्यवसायीवाट काम गराई उपभोक्ता समिति मार्फत भुक्तानि दिनु मनासिव देखिएन रु.......... | ४४८३७८२ |
| ४७. | **असम्बन्धित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा रकम स्वीकृत बजेटभित्र र सम्वन्धित खर्च शिर्षकमा पर्दछ भने मात्र खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले गत विगत आर्थिक वर्षमा भएका निर्माण कार्यको खरिद सम्झौता गर्दा विल अफ क्वान्टिटिमा निर्माण व्यवसायीवाट गाडी भाडा, इन्जिनियर अफिस लजिस्टिक सपोर्ट जस्ता आइटमहरु समावेश गरी खरिद सम्झौता गरेको देखिन्छ । निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्ध नभएका तथा यस्ता खर्चको लागि छुट्टै बजेट खर्च शिर्षक भएको अवस्थामा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नै निर्माण कार्य बाहेकका सामानहरु लागत अनुमानको आइटमहरुमा थप गरी लागत अनुमान तर्जुमा गर्ने र सोको आधारमा ठेक्का व्यवस्थापन गरी स्वीकृत ठेक्कामा समवेश गराई निर्माण व्यवसायी मार्फत खरिद गर्ने र निर्माण व्यवसायीलाई ठेक्का बिलको रकम भुक्तानी दिदाँ उक्त आइटमहरु समेत समावेश गरी भुक्तानी दिने गरेको पाइयो । निम्नानुसारको ठेक्का सँग प्रत्यक्ष सरोकार राख्ने आइटम बाहेकका वस्तु र सेवाका आइटम निर्माण लागतमा समावेश गरी निर्माण व्यवसायी मार्फत खरिद गर्ने कार्य नियम सम्मत देखिएन रु............ | १२१७०९९ |

| सि.नं. | ठेक्का नं. | आइटमको नाम | यो बर्षको परिमाण | दर (मू.अ.कर बाहेक) | यो वर्षको भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | W01/076/77 | Item no.1.4: Purchasing 150-160CC Bike for Supervision | ५ | २४३४२० | १२१७०९९ | |

| | | |
|---|---|---|
| | **एकीकृत सहरी विकास आयोजना (IUDP) तर्फ :** | |
| ४८. | **पेश्की फर्छ्यौटमा मूल्य वृद्धि :** एकीकृत सहरी विकास आयोजनाको Integrated Solid Waste Management कार्यको लागि पालिका र RAMKY-NANC JV वीच कवोल अंक रु ३३,८८,८७,३२५।२० मा मिति २०७४।१०।३१ मा सम्पन्न गर्ने गरी मिति २०७३।०२।३१ मा सम्झौता भएको छ । यस कार्यका लागि पटक पटक म्याद थप भई तीन पटक भेरिएशन अर्डर जारी भएको छ । भेरिएशन आदेश जारी | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्दा म.ले.प.फा.नं. ५०८ को ढाँचामा तयार गरी स्वीकृत गरेको छैन् । यसले गर्दा लागत अनुमानको आइटम दरको तुलनामा कवोल अंकको आइटम दरमा वढी वा घटी को अवस्थाको वारेमा विश्लेषण गर्न सक्ने अवस्था रहेन ।<br><br>खरिद सम्झौतामा मूल्य समायोजन वापत कार्य मूल्याङ्कनमा पेश्की फर्छ्यौट भएको रकम घटाएर वा नघटाएर भुक्तानी दिने भन्ने स्पष्ट व्यवस्था गरेको छैन् । खरिद सम्झौतामा उल्लेख नभएको शर्तको अर्थ निर्माण व्यवसायीलाई भुक्तानी दिने भन्न मिल्ने देखिदैन् । निर्माण कार्य शुरु हुनु अघि नै भुक्तानी दिएको पेश्की रकममा समेत मूल्य वृद्धि दिनु उचित देखिदैन् । कामका लागि पेश्की अग्रीम रुपमा उपलब्ध गराइने र सो रकम निर्माण कार्यको लागि आवश्यक तयारी तथा सामग्रि खरिदको लागि दिइने हुदाँ पेश्की फर्छ्यौट भएको रकम ठेक्का विलको रकममा घटाई बाँकी रकममा मात्र मूल्य समायोजन वापत भुक्तानी हुनु पर्दछ । आर्थिक बर्ष २०७६।७७ मा निम्नानुसार भुक्तानीमा पेश्की फर्छ्यौट गर्दा ठेक्काको दशौ रनिङ्ग विलमा पेश्की नघटाई मूल्य समायोजन भुक्तानी दिएकाले पेश्की रकम वरावरको मूल्य समायोजन वापतको भुक्तानी सम्वन्धित निर्माण व्यवसायिवाट असुल हुनुपर्दछ रु.. | ३१४०८५९ |

| गो.भौ. र मिति | पेश्की फर्छ्यौट रु | मूल्य वृद्धि सूचांक | वढी मूल्य वृद्धि भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|
| ४।२०७६।६।१२ | १३८३६३८७।५१ | १.२२७ | ३१,४०,८५९.९६ | |

| | | |
|---|---|---|
| | **क. प्रयोग नभएको निर्माण सामग्रिमा मूल्य वृद्धि** : यस निर्माण कार्यको खरिद सम्झौतामा मूल्य समायोजन भुक्तानीका लागि मूल्य वृद्धि सूचाकं गणना गर्दा Non Adjustable (A)= 0.15(Fixed), Construction Material(B)= 0.4, Fuel(C)=0.1, Labor=0.25, Others(C)= 0.1 भार राखि गणना गर्नु पर्ने व्यवस्था छ । पालिकाले मूल्य समायोजन वापत भुक्तानी दिदाँ निम्नानुसार Construction Material प्रयोग नहुने आइटम Provide & Operate for one year Operation and Maintenance of Solid Waste Management Services on an average at the rate of 26 ton. per day including collection & transportation कार्यको लागि समेत Construction Material को मूल्य वृद्धि राखी भार गणना गरेको पाइयो । यसरी Construction Material को प्रयोग नहुने काममा समेत Construction Material को मूल्य वृद्धि गणना गरी भुक्तानी दिएकोले मूल्य वृद्धि वापत वढी भुक्तानी भएको देखिन्छ । मूल्य वृद्धि वापत वढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु.......... | ३४७३००६ |

| आइटम | विल संख्या | भूक्तानी (मू.अ. कर बाहेक) | भूक्तानीमा प्रयोग भएको मूल्य वृद्धि सूचाकं | Construction Material को भारलाई स्थिर राख्दा हुने मूल्य वृद्धि सूचाकं | वढी प्रयोग भएको मूल्य वृद्धि सूचांक | मूल्य वृद्धि वापत भएको वढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| Provide & Operate for one year Operation and Maintenance of Solid Waste Management Services on an average at the rate of 26 ton. per day including collection & transportation | ११ | ११६७८९४० | १.२४६ | १.१६७४ | ०.०७८६ | ९१७९६४.६८ |
| | १२ | १४३०२४७० | १.२४२ | १.१६७० | ०.०७५ | १०७२६८५.२५ |
| | १३ | ५१६२४३० | १.२४३ | १.१७२९ | ०.०७०१ | ३६१८८६.३४ |
| | अन्तिम | ११४२५०५० | १.२३५ | १.१७१९ | ०.०६३१ | ७२०९२०.६५ |
| | | | | | **जम्मा** | **३०७३४५६.९२** |
| | | | | | **मू.अ.कर थप** | **३९९५४९.४०** |
| | | | | | **कुल जम्मा** | **३४७३००६.३२** |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **क्षेत्रीय सहरी विकास आयोजना (RUDP) तर्फ :** | |
| ४९. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५.४ मा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । **ठे.नं. RUDP/ICB/NEG/3** को निर्माण कार्यको भेरिएशन अर्डर जारी भएकोमा निर्माण व्यवसायीको कवोल अंकमा ७.२२% भेरिएशन अर्डर जारी भएको देखियो । भेरिएशन आदेश जारी गर्दा म.ले.प.फा.नं. ५०८ को ढाँचामा तयार गरी स्वीकृत गरेको छैन् । यसले गर्दा लागत अनुमानको आइटम दरको तुलनामा कवोल अंकको आइटम दरमा वढी वा घटी को अवस्थाको वारेमा विश्लेषण गर्न सक्ने अवस्था रहेन । भेरिएशन आदेश जारी गर्दा म.ले.प.फा.नं. ५०८ को ढाँचामा तयार गरी स्वीकृत गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५०. | **परामर्शदाता :** निर्माण तथा सुपरीवेक्षण परामर्शका लागि पालिका र परामर्शदाता बिडिए नेपाल प्रा.लि./गिडान प्रा.लि. जे.भि. विच कवोल अंक रु ५,३४,७३,८६०।०० को सम्झौता भएको मिति वाट ३० महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७५।८।१२ मा सम्झौता भएको देखियो । यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छ : | |
| | **क. गो.भौ. १३।२०७७।३।३०** : खरिद सम्झौतामा मूल्य समायोजन कार्य मूल्याङ्कनमा पेश्की फर्छ्यौट भएको रकम घटाएर वा नघटाएर भुक्तानी दिने भन्ने स्पष्ट व्यवस्था गरेको छैन् । कामका लागि पेश्की अग्रीम रुपमा उपलब्ध गराइने र सो पेश्की फर्छ्यौट भएको रकम परामर्शदाताको विलको रकममा घटाई बाँकी रकममा मात्र मूल्य समायोजन वापत भुक्तानी हुनु पर्दछ । आर्थिक बर्ष २०७६।७७ मा निम्नानुसार भुक्तानीमा पेश्की फर्छ्यौट गर्दा परामर्शदाताको विलमा पेश्की नघटाई मूल्य समायोजन भुक्तानी दिएकाले पेश्की रकम वरावरको मूल्य समायोजन वापतको भुक्तानी सम्वन्धित परामर्शदाता वाट असुल हुनुपर्दछ रु.............. | २०९३८४ |

| **विल संख्या** | **पेश्की फर्छ्यौट रु** | **मूल्य वृद्धि सूचांक** | **वढी मूल्य वृद्धि भुक्तानी रु** |
|---|---|---|---|
| ५ | ११५०४६५ | ०.१८२ | २०९३८४.६३ |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **ख.** खरिद सम्झौता अनुसार मूल्य समायोजनका लागि आधार दर २०१८।०१९ को नोभेम्वर-डिसेम्वर को ४८८.९ लिनुपर्नेमा २०१७।०१८ नोभेम्वर-डिसेम्वरको ४४७.१ को प्रयोग गरी मूल्य वृद्धि सूचांक गणना गरी मूल्य वृद्धी वापत भुक्तानी गरेको देखियो । यसरी मूल्य सूचांक फरक पारी निम्नानुसार मूल्य वृद्धि वापत वढी भुक्तानी भएकाले सम्वन्धित परामर्शदातावाट असुल हुनुपर्ने रु.......... | ४४७८३७ |

| **कुल भुक्तानी रु** | **प्रयोग भएको मूल्य सूचाक** | **हुनुपर्ने मूल्य सूचांक** | **वढी भएको मूल्य सूचांक** | **वढी भुक्तानी रु** |
|---|---|---|---|---|
| ४८६७८०० | ०.१८२ | ०.०९० | ०.०९२ | ४४७८३७.६ |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१. | गो.भौ.१।२०७६।४।८ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६.३ मा खर्च गर्दा खर्चको विल भर्पाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को मे, जुन र जुलाई १५ सम्मको ७६ दिनको सामाजिक परिचालकहरुको पारिश्रमिक वापत रु १९,७६,१४४।०० भुक्तानी भएको छ । गत वर्षको भुक्तानी वाँकीको विवरण स्वीकृत नगरी भुक्तानी दिएको छ । गत वर्षको भुक्तानी दिन बाँकीको कच्चावारी स्वीकृत नगरी यस बर्ष भुक्तानी गर्ने कार्य नियम सम्मत देखिएन ।<br><br>सामाजिक परिचालकहरुको पारिश्रमिक वापत भुक्तानी दिँदा वडा अध्यक्ष प्रमोद रिजालले दुई जना सामाजिक परिचालकको पारिश्रमिक वापत रु १,२१,६००।०० र वडा सदस्य चन्दा चिडिमारले १ जनाको रु ६०,१९२।०० रकम वुझेको देखिन्छ । सम्वन्धित सामाजिक परिचालकले उक्त पारिश्रमिक | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वापत रकम वुझेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु........... | १८१७९२ |
| ५२. | **पचास प्रतिशत मु.अ.कर** : आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. ९,४४,१६९।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकाले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...... | ९४४१६९ |

| गो. भौ. र मिति | पार्टीको नाम र प्यान नं | विल नं. | विलको मिति | विल रकम | मु.अ.कर | ५० प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|---|---|
| २९४(२०७६।८।१२ | मयंक ट्रेडिङ (३०००२५३३८) | ५५३ | २०७६/७/३० | २५०३८७.७९ | ३२५५०.४१ | १६२७५ |
| ४११(२०७६।९।२२ | सीता अफसेट प्रेस (६०३६५९९९१) | ०१ | २०७६/९/२० | २५५३५० | ३३१९५ | १६५९७.५ |
| २४९(२०७७।३।३१ | लाइफस्टिल फर्निचर उद्योग | ४२६ | | १२४७८०० | १६२२१४ | ८११०७ |
| २५२(२०७७।३।३१ | रुद्रा डेकोवेयर उद्योग | २१ | २०७७।३।७ | ४७२११५ | ६१३७४ | ३०६८७ |
| २५२(२०७७।३।३१ | इजाज ग्रिल उद्योग | ९५ | २०७७।३।२७ | ३०१३२७ | ३९१७२ | १९५८६ |
| २१०(२०७७।३।२३ | वागेश्वरी फर्निसीङ दरवार | २२८ | २०७७।३।१४ | ३८२०३५ | ४९६६४ | २४८३२ |
| ३१( २०७७।३।३१ | म्याक्सवेल प्रिन्ट्स | २०५ | २०७७।३।२५ | २६३२५० | ३४२२२ | १७१११ |
| वातावरण शाखा | | | | | | |
| ६९( २०७७।३।३० | न्यू कादरी ग्रिल उद्योग | ०६ | २०७७।३।२६ | ३४५१३३ | ४४८६७ | २२४३३ |
| शिक्षा शाखा | | | | | | |
| ३६( २०७७।३।३१ | आउटलुक सप्लायर्स | १७६ | २०७७।३।१० | २६५४८६ | ३४५१३ | १७२५६ |
| वडा नं. १० | | | | | | |
| ६४( २०७७।२।१ | न्यू नेशनल अर्डर सप्लायर्स (३०४७८३३८६) | ६२ | २०७७/१/८ | २६९८५० | ३५०८० | १७५४० |
| २( २०७६।८।३० | फाईन ईलेक्ट्रिकल्स एण्ड जनरल अर्डर सप्लायर्स (३००३८०७७५) | ०६९ | २०७६/८/२३ | ३९९४०५ | ५१९२२ | २५९६१ |
| वडा नं. ०२ | | | | | | |
| ४१( २०७६।७।२६ | श्री बालाजी ट्रेड ईन्टरनेशनल (३०२६११३३७) | ७७ | २०७६/७/५ | ५३५५८० | ६९६२५ | ३४८१३ |
| वडा नं.१ | | | | | | |
| १७९( २०७७।३।२८ | पि.एल सप्लायर्स (३०५७७११९९) | ०६९ | २०७६/१०/१८ | २८०५०० | ३६४६५ | १८२३३ |
| | न्यू रासी ग्रिल उद्योग (६०१५४६००६) | ०५९ | २०७६/१०/२७ | २०६८७३ | २६८९३ | १३४४६ |
| वडा नं.१२ | | | | | | |
| २९(२०७७।३।२९ | एम. एस. बिजुली भण्डार () | ३०० | २०७७/३/२८ | २७४३३० | ३५६६२ | १७८३१ |
| वडा नं. ११ | | | | | | |
| ९०-२०७७/२/१३ | न्यू नेशनल अर्डर सप्लायर्स (३०४७८६३८७) | ६३ | २०७७/१/८ | ४५३३४५ | ५८९३५ | २९४६८ |
| २७२( २०७७।२।२१ | नेशनल सप्लायर्स (३०१४६६६३७) | १३० | २०७७/१/१० | ८१२४७५ | १०५६२२ | ५२८११ |
| वडा नं. १९ | | | | | | |
| २४-२०७७/११/२६ | न्यू नेशनल अर्डर सप्लायर्स (३०४७८६३८७) | ६९ | २०७७/१/१० | ५२६२०७ | ६८४०६.९५ | ३४२०४ |
| **वडा नं. २०** | | | | | | |
| ३-२०७६/७/२१ | जनता मोटर्स (६०७२८२१२४) | ००४ | २०७६/७/१८ | ४४१५९२.९२ | ५७४०७.०८ | २८७०३ |
| ०६-२०७६/८/८ | पावर मेक्स ईन्सुटुमेन्ट ईण्डष्ट्रिज (३०४३८५७८४) | २८१ | २०७६/७/२१ | १७६११० | २२८९४.३ | ११४४७ |
| **वडा नं.१८** | | | | | | |
| ३१-२०७७/३/३१ | Kathmandu Energy Pvt. Ltd. (305217829) | २२ र २५ | २०७७/३/२५ | १३९६७४२ | १८१५७६ | ९०७८८ |
| २०-२०७७/३/१३ | श्री बालाजी ट्रेड ईन्टरनेशनल (३०२६११३३७) | १९१ | २०७७/०२/२० | ३५३४८५ | ४५९५३ | २२९७७ |
| वडा नं. २२ | | | | | | |
| **वडा नं.९** | | | | | | |
| ३५-२०७७/०३/०८ | शबा ट्रेडर्स एण्ड सप्लायर्स बाँके | ००७ | २०७७/०३/०१ | ४००२१० | ५२०२७ | २६०१४ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. ६ | | | | | | ० |
| २-२०७६/९/१ | श्री बालाजी ट्रेड ईन्टरनेशनल | ११२ | २०७६/८/२६ | ४४२२८० | ५७४९६ | २८७४८ |
| ९-२०७७/३/१४ | श्री बालाजी ट्रेड ईन्टरनेशनल | ३ | २०७७/०३/०३ | ४३०५८५ | ५५९७६ | २७९८८ |
| १०-२०७७/३/२१ | Affix Pvt. Ltd., Banke (602400855) | ८४ | २०७७/३/१२ | ४३८००० | ५६९४० | २८४७० |
| **IUDP** तर्फ | | | | | | |
| २४।०७६।९।१४ | निशान कम्प्युटर ट्रेडर्स, बाँके (६०१५४८४६२) | ४१० | २०७६।९।१४ | १६११५०.४४ | २०९४९.५६ | १०४७४.७८ |
| २७।०७६।९।१४ | निशान कम्प्युटर ट्रेडर्स, बाँके (६०१५४८४६२) | ४१७ | २०७६।९।१४ | ९९३२८ | १२९१२.६४ | ६४५६.३२ |
| **RUDP** तर्फ | | | | | | |
| २७।०७६।९।१५ | नेपालगंज अफिस सिस्टम एण्ड सप्लायर्स बाँके (३०५७२८४६५) | ४४ | २०७६।९।१४ | ३८६१९४.६९ | ५०२०५.३१ | २५१०२.६६ |
| २८।०७६।९।१५ | अनलाईन ओभरसिज (३०१०७४६३२) | २९६ | २०७६।९।१६ | १८५७५२.२१ | २४१४७.७९ | १२०७३.८९ |
| ८८।०७७।३।३० | उग्रतारा इन्फोशिस, बाँके(६०३२६५००६) | ५२५ | २०७७।३।२९ | ४३३५३९.८२ | ५६३६०.१८ | २८१८०.०९ |
| १२१।०७७।३।३१ | कृष्ण इन्टरनेशनल (३०२८००११५) | ५८० | २०७७।३।२७ | २२०००० | २८६०० | १४३०० |
| पञ्जिकरण शाखा तर्फ | | | | | | |
| ३।०७७।२।२१ | निशान कम्प्युटर ट्रेडर्स, बाँके (६०१५४८४६२) | ६६६ | २०७६।११।२९ | २८४२९.२१ | ३६९५.७९ | १८४७.८९ |
| | | ७३० | २०७६।१२।११ | ६९३५८.३८ | ९०१६.५९ | ४५०८.३० |
| ४।०७७।३।४ | महाराजा स्टील फर्निचर उधोग (३००५९५३४७) | १२६ | २०७७।२।५ | ३४००० | ४४२० | २२१० |
| | लाईफ स्टील फर्निचर उधोग (३००७४२००८) | २८६ | २०७६।११।१७ | ७१६४० | ९३१३.२० | ४६५६.६ |
| वातावरण तथा सरसफाई तर्फ | | | | | | |
| १०।०७७।२।२८ | न्यू एकता इन्जिनियरिङ्ग (३०५२१५५६७) | ४४ | २०७७।२।२६ | ५७१७६.४६ | ७४३२.९४ | ३७१६.४७ |
| | डाँगी स्टिल एण्ड आल्मुनियम (३०२५२३२३०) | १०३ | २०७७।३।१७ | १७६९९१.२० | २३००८.८६ | ११५०४.४३ |
| ५।०७६।९।१ | बालाजी ट्रेड इन्टरनेशनल (३०२६११३३७) | १०१ | २०७६।८।१५ | ३८२३६० | ४९७०६.८० | २४८५३ |
| ११।०७६।११।७ | रियाज ट्रेडर्स एण्ड सप्लायर्स (६१०६००७००) | ३४ | २०७६।१०।२४ | १३६००० | १७६८० | ८८४० |
| २१।०७७।२।८ | लाईफ स्टील फर्निचर उधोग (३००७४२००८) | ३३४ | २०७७।१।४ | २७३७०० | ३५५८१ | १७७९०.५ |
| ४१।०७७।३।२९ | बालाजी ट्रेड इन्टरनेशनल (६१३२६६८७७) | ०७ | २०७७।३।२७ | १८९५९० | २४६४६.७० | १२३२३.३५ |
| जम्मा | | | | १४५२५६६४ | १८८८३३६ | ९४४१६९ |

५३. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ९ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.१८,८५,५००/-, तथा ५ थान चार पांग्रे सवारी साधन खरिदमा रु.१,३४,५०,६६३।७२ बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | ९ | १८८५५०० |
| २ | होपर टिपर | ३ | ४२४५००० |
| ३ | CLB Truck | १ | २४८०००० |
| ४ | दमकल | १ | ६७२५६६३.७२ |
| | **जम्मा** | | १५३३६१६३.७२ |

- **कर दस्तुर एवं आन्तरिक आय**

५४. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय(व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१७,४१,१०,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.१२,४५,०९,२९०।९२ अर्थात अनुमान भन्दा २८.४९ प्रतिशत घटी आय प्राप्त गरेको छ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>९०११६७९२५.००</td><td>१२४५०९२९०.९२</td><td>१३.८१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १३.८१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>४००००००००.००</td><td>३३१६९६७७.४८</td><td>८२.९२</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१७५०००००.००</td><td>९९३८३७४.४२</td><td>५६.७९</td></tr>
<tr><td>व्यवसाय रजिष्ट्रेशन दस्तुर</td><td>१५०००००००.००</td><td>१०५५६८६२.००</td><td>७०.३८</td></tr>
<tr><td>भुमिकर/मालपोत</td><td>२०००००.००</td><td>६०२१०५.००</td><td>३०१.०५</td></tr>
<tr><td>दर्ता तथा नवीकरण दस्तुर</td><td>४००००००.००</td><td>०.००</td><td>०.००</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७.</td><td>सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष रु.५,००,०००/-।प्रक्षेपण गरिएकोमा वास्तविक आय प्राप्त गर्न सकेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन शुल्क वापत रु.१,०५,५६,८६२/- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन् । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>५९.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन सकिएन । प्राविधकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६०. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ६१. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५०० जनालाई रोजगारी उपलब्ध गराई रु.९,३४,९६०/- खर्च गरेको छ । लक्षित वर्गलाई २० दिनदेखि ४० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ६२. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.१,१४,९२,७६४/- का ४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी सम्झौता गरी कार्य सम्पन्न नगरी पछिल्लो बर्ष | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जिम्मेवारी सार्दै जाने कार्य उपयुक्त देखिएन । | |
| ६३. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ६४. | **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| बोटानिकल पार्क निर्माण | श्री डट्स आर्किटेक्टस | ३५०३०० | ३५०३०० | ४५०००००० |
| कान्ति ताल निर्माण | नेशनल सिनर्जी इन्जिनियरिङ सोलुसन प्रा.लि | ३५५३८५ | ३५५३८५ | १०२५९०९४८ |
| **जम्माः** | | **७०५६८५** | **७०५६८५** | **१४७५९०९४८** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| | **समानीकरण चालुतर्फ** | |
| ६५. | **शिर्षक फरक पारी खर्चः** ९४७-२०७७।०३।२३ महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ (दोस्रो परिमार्जन) मा खर्चको संकेत नं. व्याख्याको व्यवस्था गरिएको छ । कार्यालयले पदाधिकारीहरुको मंसिर देखि जेष्ठ सम्मको सुविधावापतको रु.१,६८,९०,०००।- खर्च लेख्दा पदाधिकारी बैठक भत्ता शीर्षकबाट रु.२७,६०,०००।— र भ्रमण खर्च पदाधिकारी शीर्षकबाट रु.८,७९,४१०।- खर्च लेखेको पाईयो । सम्बन्धित शीर्षकबाट मात्र खर्च लेख्नु पर्दछ । | |
| ६६. | **भ्रमण अभिलेख खाताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको कार्यालयले दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने साथै नियम २१ अनुसार अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट भएका अधिकांश भ्रमणको भ्रमण प्रतिवेदन रहेको छैन् । कार्यालयले विभिन्न कर्मचारीहरुलाई विभिन्न ठाउँमा पठाई भ्रमण खर्च गरेकोमा भ्रमण अभिलेख तथा भ्रमण आदेश कार्यालयमा दर्ता गरेको देखिएन । कार्यालयले नियमको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ६७. | **पदाधिकारी सेवा सुविधाः** लुम्बिनी प्रदेश, स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४ को उपदफा २ अनुसार स्थानिय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । यस उप-महानगरपालिकाले नेपालगंज उप-महानगरपालिकाका जनप्रतिनिधिहरुको बिमा, औषधी उपचार तथा सुविधा सम्बन्धी कार्यविधि, २०७७ निर्माण गरी ४ जना जनप्रतिनिधिहरुको औषधी उपचार शिर्षकमा रु.१,४६,८३८/- खर्च गरेको, पाँचौ नगरसभाको निर्णयबाट मेयर र उपमेयर बाहेक २३ वटै वडाका अध्यक्ष र ८ जना कार्यपालिका सदस्यहरुलाई संचार वापत प्रतिमहिना १५०० का दरले (१५००*३१*३=१३९५००) तथा मर्मत वापत प्रतिमहिना ५००० का दरले (५०००*३१*३=४६५०००) श्रावण देखि आश्विन सम्म तीन महिनाको रु.६,०४,५००/- र प्रत्येक २३ वटै वडाका ४ जना सदस्यलाई २०७६ श्रावण देखि चैत्रसम्म महिनामा ३ पटक इन्धन खर्च ५०० का दरले (५००*३*९*९२ जना =१२,४२,०००) र संचार खर्च ५०० का दरले (५००*३*९*९२ जना लाई रु.१२,४२,०००) गरी रु.२४,८४,०००/- खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>६८.</td><td>मौजुदा सूचीमा रहेका बाट खरिद गर्नुपर्नेः नेपालगंज उप-महनगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९५ को उपनियम ११ मा सार्बजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार वस्तु तथा सेवा खरिद गरेकोमा लागत अनुमान तयार गरी मौजुदा सूचीमा रहेका मध्येबाट खरिद गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको पाईयो । नियमावलीको व्यवस्था विपरीत हुने गरी खरिद गरेको नियम सम्मत भएन रु.
<table>
<tr><th>गो.भौ. र मिति</th><th>पार्टीको नाम</th><th>रकम<br>रु.(भ्याटसहित)</th><th>वापत</th></tr>
<tr><td>१३२-२०७६/६/१६</td><td>सद्भाव प्रिन्टिङ प्रेस</td><td>२३१०६६</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td></tr>
<tr><td>६०६-२०७६/१०/१९</td><td>शंकर प्रिन्टिङ प्रेस</td><td>१४१२५०</td><td>पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन</td></tr>
<tr><td>१४४-२०७६/६/२८</td><td>Agni Energy Pvt. Ltd., Kupondole</td><td>१७७६०९</td><td>सवारी साधन मर्मत</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५४९९२५</td><td></td></tr>
</table></td><td>५४९९२५</td></tr>
<tr><td>६९.</td><td>धरौटी तर्फः कार्यालयले गत आ.व. को जिम्मेवारी आम्दानी जनाउँदा गोश्वारा भौचरमा रु.९,९४,६९,१७१.५६ आम्दानी जनाएको छ । धरौटीको यसवर्षको आय व्यय विवरणमा आम्दानी तर्फ गत आ.व. को धरौटी मौज्दात ९,८८,८३,३६९.५६ जिम्मेवारी कायम गरी रु.५,८५,८०२/- घटी जिम्मेवारी सारेको देखिन्छ । आ.व. २०७६।०७७ को धरौटीको मौज्दात रु.१२,९४,५४,४८६.३३ देखाएकोमा घटी जिम्मेवारी सारेको रु. ५,८५,८०२/- सहित यस वर्ष धरौटीको मौज्दात १३,००,४१,२८८.३३ हुनुपर्नेमा घटी जिम्मेवारी सारेको देखियो । घटी जिम्मेवार सारेको कारण सहित हिसाव समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>५८५८०२</td></tr>
<tr><td></td><td>कोरोना तर्फः</td><td></td></tr>
<tr><td>७०.</td><td>मौजुदा सूचीबाट खरिदः नेपालगंज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९५ को उपनियम ११ मा सार्बजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार वस्तु तथा सेवा खरिद गरी भुक्तानी गर्दा लागत अनुमान तयार गरी मौजुदा सूचीमा रहेका मध्येबाट खरिद गर्नुपर्नेमा एउटै मात्र सेवा प्रदायकबाट कोटेशन माग गरी उक्त कबोल मुल्यमा खरिद गर्ने गरी मिति २०७६/१२/३० मा निर्णय गरी खरिद गरेको पाईयो । नियमावलीको व्यवस्था विपरीत हुने गरी खरिद</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको विवरण निम्नानुसार रहेको छः | |

| गो.भौ. र मिति | पार्टीको नाम | सामाग्री विवरण | रकम रु. (भ्याट सहित) |
|---|---|---|---|
| ७-२०७७/०१/१० | Vikash Flour Mill Pvt. Ltd. | चामल | ६४५००० |
| | Gyan Food Product | अरहर चाल | २८०००० |
| | मातु श्री ईन्टरप्राइजेज | तेल | १४९९९६ |
| २५-२०७७/०१/२६ | Vikash Flour Mill Pvt. Ltd. | हाईब्रिड चामल | १२९०००० |
| | Gyan Food Product | अरहर चाल | ५६०००० |
| | मातु श्री ईन्टरप्राइजेज | तेल र सोयाविन | २९९९९२.४ |
| ३०-२०७७/०२/०७ | Vikash Flour Mill Pvt. Ltd. | हाईब्रिड चामल | ६४५००० |
| | Gyan Food Product | अरहर चाल | २८०००० |
| | मातु श्री ईन्टरप्राइजेज | तेल र सोयाविन | १४९९९६.२ |
| जम्मा | | | ४२९९९८४.६ |

कोरोनाको महामारीमा सामाग्री प्राप्त गर्न असुविधा भएकोले नगरपालिका स्तरिय निर्णय गरेर खरिद गरेको कार्यालयले जनाएको छ ।

७१. **राहत सामाग्री खरिदः** नेपालगंज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली,को नियम ९५ मा पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको कार्य सोझै खरिद गर्न सकिने तथा नियम ९४ मा पाँच लाख देखि बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान शिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका स्थिति विभिन्न वडाहरुले कोरोना महामारीमा राहत वितरणको लागि रु.३६,९६,७२१।०० बराबरको सामाग्री निम्नानुसार पाँच लाख सम्मको कोटेशन बिना र पाँच लाख रुपैयाँ भन्दा बढीको मालसामान खरिद गर्दा कोटेसनद्वारा गरेको पाईयो । कार्यालयले कोरोनाको लागि राहत वितरण गर्न शिलबन्दी बोलपत्र आह्वान गर्दा ढिलो हुने भएकोले कोटेशनबाट खरिद गरेको जनाएको छ ।

| गो.भौ. र मिति | पार्टीको नाम | विवरण/वडा नं. | रकम रु.(भ्याटसमेत) |
|---|---|---|---|
| २२-२०७७/२/१३ | नेशनल सप्लायर्स, बाँके | खाद्यान्न /वडा न.११ | ८१२४७५ |
| २४-२०७७/११/२६ | नेशनल सप्लायर्स, बाँके | खाद्यान्न/ वडा नं. १९ | ११११५०० |
| ३०-२०७७/१/१५ | Shah Distributors & Suppliers | औषधीजन्य सामान/ वडा नं. २० | ४२७०९६ |
| ४७-२०७७/२/१४ | मारुती ट्रेडर्स एण्ड अर्डर सप्लायर्स, बाँके | खाद्यान्न /वडा न. ७ | ७७५६५० |
| ५१-२०७७/१/२९ | नेशनल सप्लायर्स, बाँके | खाद्यान्न /वडा न. ९ | ५७०००० |
| | | **जम्मा** | **३६९६७२१** |

**वडा कार्यालयतर्फः**

**नेपालगंज उपमहानगरपालिका वडा नं. १ पूँजीगत तर्फ**

७२. नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३२ मा नगरपालिकाले रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस वडा कार्यालयले निम्नानुसारको विभिन्न सडक खण्डमा विजुलीवत्ती जडानका लागि तार, एल.ई.डि. बल्व, होल्डर लगायतका सामान खरिद गरि भुक्तानी दिएकोमा उक्त सामानहरु जडान भएको प्रमाण पेश भएन । अतः उक्त सामानहरु कुन कुन सामान कति र कहाँ जडान भएको हो स्पष्ट देखिने प्रमाण पेश हुनु पर्दछ रु ............. ७९९९८३

| गो.भौ. र मिति | आपूर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|
| ५।०७६।९।१ | बालाजी ट्रेड इन्टरनेशनल, बाँके | ४३२०६६.६८ |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>११।०७६।११।७</td><td>रियाज ट्रडर्स एण्ड सप्लायर्स, बाँके</td><td>१५३६८०</td></tr>
<tr><td>४१।०७७।३।२९</td><td>बालाजी ट्रेड इन्टरनेशनल, बाँके</td><td>२१४२३६.७०</td></tr>
<tr><td></td><td>जम्मा :</td><td>७९९९८३.३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३.</td><td>१४ नं. वडा कार्यालयः<br>अवलोकन भ्रमणः ३०-२०७६/९/२ भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने तथा नियम ७ मा भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले नियमावली बमोजिम दैनिक भत्ता पाउने उल्लेख छ । यस नगरपालिकाको वडा नं १४ कार्यालयले २०७६/८/१९ देखि २०७६/८/२३ सम्म अवलोकन भ्रमण वापतको रु.२,००,०००/- शान्ति, समृद्धि र विकासका लागि स्वच्छ तथा हरित नेपाल समूहलाई सहभागीको गाडी भाडा, होटलबास खर्च, खाना तथा ईन्धन वापतको भुक्तानी लिएको साथसाथै निम्न बमोजिमका कर्मचारी तथा पदाधिकारीलाई भ्रमण र यातायात खर्च वापत पूनः दोहोरो पर्ने गरी खर्च लेखेकोले उक्त रकम सम्बन्धित बाट असुल हुनुपर्दछ रु..........
<table>
<tr><td>पदाधिकारीको नाम</td><td>खुद बुझेको रकम रु.</td></tr>
<tr><td>सन्तोष बाल्मिकी</td><td>६३७५</td></tr>
<tr><td>रामचन्द्र मझवाल</td><td>६३७५</td></tr>
<tr><td>जम्मा</td><td>१२७५०</td></tr>
</table>
</td><td>१२७५०</td></tr>
<tr><td>७४.</td><td>१६ नं. वडा कार्यालय<br>बिल भरपाई वेगर खर्चः १७-२०७६/९/२० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले अवलोकन भ्रमण वापतको खर्च रकम सिद्धी टप मल्टिप्रपोज कम्पनी प्राईभेट लि. लाई रु.२,९५,०००/- भुक्तानी गर्दा रु.२,९१,९५०/- बराबरको मात्र बिल संलग्न रहेकोले नपुग रु.३०५०/- असुल हुनुपर्दछ रु.....</td><td>३०५०</td></tr>
<tr><td>७५.</td><td>२० नं. वडा कार्यालयः<br>सडक बत्ती जडानः ०६-२०७६/१०/८ नेपालगंज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९५ को उपनियम ११ मा सार्बजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक बत्ती जडान कार्यका लागि सृजनशिल आमा समुहलाई रु.१,८८,९८०/- को समाग्री खरिद वापत भुक्तानी गर्दा लागत अनुमान तयार गरी मौजुदा सूचीमा रहेका मध्येबाट खरिद गर्नुपर्नेमा उपभोक्ता समिति गठन गरी भुक्तानी गरेको नियम सम्मत देखिएन रु..</td><td>१८८९८०</td></tr>
<tr><td>७५.१.</td><td>सडक बत्ती जडानको लागि तुलाराम गुरुङलाई १९० थान पोलमा दैनिक ७२०/- का दरले डोर हाजिरीका आधारमा ३० दिनको रु.२१,६००/- भुक्तानी गर्नुपर्नेमा ३१,६००/- खर्च जनाई भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१०,०००/- सम्वन्धितवाट असुल हुनु पर्दछ रु.</td><td>१००००</td></tr>
<tr><td>७६.</td><td>घटी आयकरः आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवामा १५ प्रतिशत र ८९ अनुसार कर विजक जारि गरेको भएमा १.५ प्रतिशत दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । हाम्रो समाचार राष्ट्रिय दैनिकलाई रु.७०,०००/- सेवा वापत भुक्तानि दिएकोमा १५ प्रतिशतका दरले रु.१०,५००/- कर कट्टा गर्नुपर्नेमा रु.६,७२०/- मात्र कर कट्टा गरेकोले नपुग कर रु.३,७८०/- सम्वन्धितवाट असुल गर्नुपर्ने रु.</td><td>३७८०</td></tr>
<tr><td>७७.</td><td>बढी भुक्तानीः ०६-२०७६/०८/०८: सार्वजनिक निकायले नियम अनुसार आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिनु पर्दछ । कार्यालयले कोटेशनबाट ईन्भटर खरिदको लागि न्युनतम मूल्य कबोल गर्ने पावर मेक्स ईन्सटुमेन्ट ईन्डष्ट्रिज, बाँकेलाई भ्याटसहित रु.१,९९,००४.३० भुक्तानी गरेको छ । उक्त फर्मले कोटेशन पेश गर्दा नै निम्न सामाग्रीहरुमा भ्याट सहित जोडी कबोल गरेको र फेरी भुक्तानीमा पनि १३ प्रतिशतले हुने रु.२२,८९४.३० थप गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम सम्वन्धितवाट असुल</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हुनुपर्दछ रु.......... | २२८९४ |

| सामाग्रीको नाम | परिमाण | प्रतिएकाई मुल्य | जम्मा रु. |
|---|---|---|---|
| Battery 100AH 12VG | 4Pc | 27877 | 111508 |
| UPS 3.5 KVA 48 V | 1Pc | 57522 | 57522 |
| Multi Wire 2.5 Mm | 2Vol | 2655 | 5310 |
| Fitting Charge | 1 Set | 1770 | 1770 |
| **जम्मा भुक्तानी हुनुपर्ने** | | | ७८७०७२ |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७८. | **१८ नं. वडा कार्यालयः**<br>**हाईमास्ट बत्ती जडानः** ३१-२०७७/०३/३१ नेपालगंज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९५ को उपनियम ११ मा सार्बजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले हाईमास्ट बत्ती जडान कार्यका लागि हाईमास्ट बत्ती जडान उपभोक्ता समिति लाई रु.१६,५०,०००/- को समाग्री खरिद वापत भुक्तानी गर्दा लागत अनुमान तयार गरी मौजुदा सूचीमा रहेका मध्येबाट खरिद गर्नुपर्नेमा उपभोक्ता समिति गठन गरी भुक्तानी गरेको नियम सम्मत भएन रु. | १६५०००० |
| ७९. | **२२ नं. वडा कार्यालय**<br>**सहजीकरण भत्ताः** ४९-२०७६/११/२० अर्थ मन्त्रालयद्वारा जारी कार्यसंचालन निर्देशिका, २०७५ (सातौं संस्करण) को दफा ७.१ को उपदफा ७.१.१५ को सि.न. १४ मा प्रति तालिम जतिपटक परामर्श गरिएपनि अधिकतम रु.३०००/- वा द्वितीय तहको दर अनुसार हुने रकममा जुन कम हुन्छ सो नबढाई स्थलगत परामर्श गर्न सकिने उल्लेख छ । कार्यालयले मेलमिलाप कार्यकर्ताको क्षमता अभिबृद्धि तालिम संचालनका लागि सामुदायिक मेलमिलाप केन्द्रलाई रु.१,५०,०००/- भुक्तानी दिँदा निम्नानुसारका परामर्श दाताहरुले एउटै तालिम कार्यक्रममा एउटै मितिमा परामर्श/सहजीकरण वापत मिति २०७६/११/१२ मा ३ दिनको परामर्श/सहजीकरण भत्ता बुझेको पाईयो । अतः नर्म्स भन्दा बढी हुने गरी भुक्तानी भएको रकम सम्वन्धित वाट असुल हुनुपर्दछ रु............ | ८५०० |

| नामथर | सहजीकरण भत्ता | लिएको दिन | पाउने दिन | फरक | जम्मा (करबाहेक) |
|---|---|---|---|---|---|
| अधिवक्ता विश्वजित तिवारी | २५०० | ३ | १ | २ | ४२५० |
| अधिवक्ता हेमराज भट्ट | २५०० | ३ | १ | २ | ४२५० |
| | | | | **जम्मा** | **८५००** |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
